म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०


बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३१२ २०८१ असोज १९ गते शनिबार 5 October 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-







# ऐन संशोधन नगरी प्रतिष्ठानको उपकुलपति नियुक्त



*प्रा.डा. प्रदीप ज्ञवालीलाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा नियुक्त गरिएको पत्र हस्तान्तरण गर्नुहुँदै मुख्यमन्त्री बहादुर सिंह लामा।*

समाज संवाददाता

हेटौंडाः प्रदेश सरकारले ऐन संशोधन नै नगरी मन्त्रालय खडा गरेको ३ वर्षपछि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति नियुक्त गरेको छ । असोज १६ गते बुधबार बसेको मन्त्रिपरिषद् बैठकले प्रतिष्ठानको उपकुलपतिमा प्रा.डा. प्रदीप ज्ञवालीलाई नियुक्त गरेको हो ।

मन्त्रिपरिषद् बैठकले उपकुलपति नियुक्तिमा समस्या हुने भएपछि विभागीय मन्त्रीको सहमति लिएर उपकुलपति नियुक्त गरेको हो। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ समयानुकल संशोधन हुँदा प्रतिष्ठानको उपकुलपति नियुक्तिका लागि सामाजिक विकास मन्त्रीको संयोजकत्वमा रहेको सिफारिस समितिको सिफारिसमा स्वास्थ्य मन्त्रीको सहमति गराइएको थियो ।

ऐनले प्रतिष्ठानको सहकुलपति विभागीय मन्त्री हुने व्यवस्था गरेको छ । जसमा विभागीय मन्त्रालय भनेर सामाजिक विकास मन्त्रालय कायम गरिएको छ । प्रतिष्ठानको ऐनले स्वास्थ्य मन्त्री नै चिन्ने अवस्था छैन । ऐन अनुसार प्रतिष्ठानको हरेक अवस्थामा सामाजिक विकास मन्त्री नै जिम्मेवर रहने व्यवस्था गरेको छ । प्रतिष्ठानको ऐन अनुसार प्रतिष्ठानको कुलपति प्रदेशको मुख्यमन्त्री हुने व्यवस्था छ भने ऐनको दफा १७ मा उपकुलपतिको व्यवस्था गरेको छ। ऐन अनुसार प्रतिष्ठानको उपकुलपति सामाजिक विकास मन्त्री हुने भनिएको छ । ऐनको दफा १८ मा उपकुलपतिको व्यवस्था रहेको छ । उपकुलपति प्रमुख कार्यकारी रहने भनिएको छ। दफा १८ को (२) मा उपकुलपतिको नियुक्तिका लागि कुलपतिले सहकुलपतिको अध्यक्षमा थप २ सदस्य रहनेगरी सिफारिस समितिको गठन गर्ने व्यवस्था रहेको छ। दफा १८ (३) मा सहकुलपतिको अध्यक्षमा रहेको समितिले ३ जनाको नाम सिफारिस गरे अनुसार उपकुलपति नियुक्त हुने कानुनी व्यवस्था रहेको छ ।

प्रतिष्ठानको ऐनको दफा २० (१) मा रजिष्ट्रारको व्यवस्था गरिएको छ । रजिष्ट्रार प्रतिष्ठानको आर्थिक, प्रशासनिक प्रमुख हुने व्यवस्था ऐनले गरेको छ। ४ वर्षे कार्यकालका लागि रजिष्ट्रारको नियुक्ति उपकुलपतिको सिफारिसमा सहकुलपतिले गर्ने ऐनले तोकेको छ । उक्त दफाहरु संशोधन नहुँदा प्रतिष्ठानको उपकुलपति नियुक्तिमा समस्या देखएको थियो। यद्यपी प्रदेश सरकारले ऐन अनुकुल बनाउन सामाजिक विकास मन्त्रीबाट सिफारिस गराएर स्वास्थ्य मन्त्रीको सहमति गराएर उपकुलपति नियुक्त गरिसेकको छ ।

प्रतिष्ठानको उपकुलपति नियुक्तिमा समस्या देखिएपछि प्रदेश सरकारले प्रतिष्ठानको ऐन संशोधनको तयारी गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले प्रतिष्ठानको ऐन संशोधनका लागि प्रदेशसभामा पेश गर्न स्वीकृति दिएको छ । प्रतिष्ठानको ऐनमा भएका केही प्रावधानहरु परिवर्तन गर्ने सरकारको तयारी रहेको छ । मन्त्रालयका अनुसार प्रतिष्ठानको ऐनमा सामाजिक विकास मन्त्रालय भनिएको स्थानमा स्वास्थ्य मन्त्रालय बनाउने गरी ऐन संशोधनको तयारी गरिएको छ।

मन्त्रालयले मुख्यत: ऐनका ४ दफामा संशोधनको तयारी गरेको छ । ऐनको दफा २ को (ट) मा भएको व्यवस्था संशोधनको तयारी गरेको छ । जसमा मन्त्रालय भनिएको स्थानमा सामाजिक विकास मन्त्रालय हटाएर स्वास्थ्य मन्त्रालय राख्ने गरी संशोधन गर्ने तयारी रहेको छ । दफा ५ को (घ) मा भएको सेवा आयोगको व्यवस्था गरिएको छ । जसलाई हटाउने गरी सेवा आयोग नरहने व्यवस्था गर्न संशोधन प्रस्ताव गरिएको छ।

त्यस्तै ऐनको दफा ७ को उपदफा २ (च) पछि एक बुँदा थप गर्ने तयारी गरिएको छ। सो दफामा सभाको गठनको व्यवस्था रहेको र सो बुँदामा नभएको प्रदेश सचिवलाई सदस्य रहने व्यवस्था गर्नेगरी संशोधनको तयारी गरिएको छ। ऐनको दफा १७ को उपदफा (२) मा भएको प्रतिष्ठानको सहकुलपति सामाजिक विकास मन्त्री हुने व्यवस्थालाई हटाएर स्वास्थय मन्त्री हुने व्यवस्था रहने गरी संशोधनको तयारी गरिएको छ । उक्त संशोधन विधेयक आगामी प्रदेशसभा बैठक अधिवेशनमा पेश हुनेगरी अघि बढाइने मन्त्रालयको भनाई छ ।

# पत्रकारसँग प्रहरी प्रमुखको परिचयात्मक अन्तरक्रिया



*पत्रकारसँगको परिचयात्मक अन्तरक्रियामा सहभागी हुनुहुँदै प्रहरी उपरीक्षक विश्वराज खड्का ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको प्रहरी प्रमुखको जिम्मेवारी सम्हाल्नुभएका प्रहरी उपरीक्षक विश्वराज खड्काले शुक्रबार बिहान मकवानपुरका पत्रकारसँग परिचयात्मक अन्तरक्रिया गर्नुभएको छ। जिल्ला प्रहरी कार्यालयको सभाकक्षमै परिचयात्मक अन्तरक्रिया भएको हो ।

पत्रकारसँगको अन्तरक्रियामा प्रहरी उपरीक्षक खड्काले जिम्मेवारी सम्हाले लगत्तै बाढी र पहिरोका घटनाले त्यता व्यस्त हुनुपरेको बताउनुभयो । प्रहरी उपरीक्षक खड्काले चाडपर्व लक्षित सुरक्षाको रणनीतिअनुसार काम गरिरहेको जानकारी दिनुभयो । हेटौंडा-काठमाडौं जोड्ने सडक सुचारु गर्न प्रहरी परिचालित हुनुपरेको प्रहरी उपरीक्षक खड्काले बताउनुभएको छ। उहाँले चाडपर्वका लागि यात्रुको सहजीकरणका लागि ४ स्थानमा हेल्पडेस्क राखेको जानकारी दिनुभयो ।

अन्तरक्रियामा सहभागी पत्रकारले प्रहरी प्रमुख फेरिएलगत्तै लागुऔषध तस्करहरु पक्राउ पर्ने तर क्रमशः पक्राउ पर्न छाड्ने प्रवृत्तिका बारेमा प्रहरीको भूमिकाबारे आशंका व्यक्त गरेका थिए । यस्तै विभिन्न घटनामा प्रहरीले पर्याप्त र सहजरुपमा सूचना नदिएको पत्रकारले गुनासो गरेका थिए । प्रहरीले घटनाका विषयमा समयमै जानकारी दिन पत्रकारले आग्रह गरेका थिए ।

## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

# रजिस्ट्रारमा गुरागाई, संयोजकमा चुडाल नियुक्त



*मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रजिस्ट्रार र संयोजकलाई सपथ गराउनुहुँदै उपकुलपति प्रा.डा. प्रदीप ज्ञवाली (दायाँ) ।*

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रजिस्ट्रारमा भिमसागर गुरागाई र संयोजकमा चिरञ्जीवी चुडाल नियुक्त हुनुभएको छ। शुक्रबार उपकुलपतिमा प्रा. डा. प्रदीप ज्ञवालीले रजिस्टारमा गुरागाई र संयोजकमा चुडाललाई नियुक्त गर्नुभएको हो । उपकुलपति प्रा. डा. ज्ञवालीले रजिस्ट्रार गुरागाई र संयोजक चुडाललाई शुक्रबार नै सपथ गराउनुभएको छ।

नेपाली काँग्रेसको कोटामा रजिस्ट्रार नियुक्त हुनुभएका गुरागाई हेटौंडाकै स्थायीवासी हुनुहुन्छ भने नेकपा एमालेको कोटामा संयोजक नियुक्त हुनुभएका चुडाल मोरङबाट हालै हेटौंडा बसाई सर्नुभएको छ । गुरागाई जनस्वास्थ्य कार्यालय रसुवाको प्रमुख हुनुहुन्थ्यो भने चुडाल दोस्रो कार्यकालका लागि संयोजक नियुक्त हुनुभएको हो । दुबैजनाको कार्यकाल ४ वर्षको हुनेछ । रजिस्ट्रार र संयोजकको सपथ ग्रहण समारोहमा सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी र स्वास्थ्य मन्त्री किरण थापाको पनि उपस्थिति रहेको थियो।

यसअघि प्रतिष्ठानका उपकुलपति प्रा.डा. प्रदीप ज्ञवालीले शुक्रबार बिहान बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाबाट सपथ ग्रहण गर्नुभएको थियो । सपथग्रहण समारोहलगत्तै उपकुलपति प्रा.डा. ज्ञवालीले पदभार ग्रहण गर्नुभएको थियो। पदभार ग्रहण कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको पनि उपस्थिति रहेको थियो ।

# लागुऔषध गाँजा र खैरो हिरोइनसहित २ जना पक्राउ



*लागुऔषध खैरो हिरोइनसहित पक्राउ परेका किरण सुनार ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजा र खैरो हिरोइनसहित २ जनालाई पक्राउ गरेको छ। पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१९, नेवारपानी चेकपोष्टबाट प्रहरीले १०७ किलो लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा थाहा नगरपालिका-२, पालुङका २४ वर्षीय सुजन तामाङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

बिहीबार बिहान ४ बजेको समयमा ईलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरीले मनहरीबाट हेटौंडातर्फ जाँदै गरेको बा १२ च २८८५ नम्बरको बोलेरोलाई सुरक्षा जाँच गर्दा लागूऔषध गाँजा बरामद गरेको हो। प्रहरीले तामाङको शरीर तथा बोलेरो गाडीको ढाला भित्र लुकाई छिपाई ल्याइएको अवस्थामा गाँजा फेला परेको थियो । लागूऔषध, बोलेरो गाडीसहित तामाङलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भइरहेका प्रहरी जनाएको छ।

यस्तै खैरो हिरोइनसहित प्रहरीले एकजनालाई पक्राउ गरेको छ। बिहिबार राती साढे १० बजेको समयमा विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरी टोलीले हेटौंडा-९ स्थित एक होटलबाट हेटौंडा-१४ घर भई हाल हेटौंडा-१०, न्यूरेनीमा डेरा गरी बस्ने २७ वर्षीय किरण सुनारलाई लागुऔषध खैरो हिरोइन ३ ग्राम, ५६० मिलिग्रामसहित पक्राउ गरेको हो । लागुऔषधसहित किरण सुनारलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

## कम्पनीको नाम परिवर्तन गरिएको सम्बन्धी सूचना

यस कम्पनीको विशेष साधारणसभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१-०६-०७ मा स्विकृति प्राप्त भई साविक कम्पनी (साहारा मल्टिपल सर्भिसेज प्रा.लि.) (दर्ता नं. ३१०८७१/०७९/०८०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नाम (सम्युक्ता ग्लोबल एजुकेशन प्रा.लि.) अंग्रेजी मा Samyukta Global Education Pvt. Ltd. ले सकार्ने/व्यहोर्ने गरी कम्पनी को नाम परिवर्तन गरिएको सूचना, व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**सम्पर्क: ९९६९३४७०९२**




# म धन्य छु



चन्द्रमणि रिमाल

रमेशले शिक्षक पेसाको सुरुवात गरेको १७ वर्ष भएछ । सहरको एक विद्यालयमा आफ्नो समय र परिश्रम सधैँ विद्यार्थीहरूको उज्ज्वल भविष्य बनाउनमा लगाउँथे । उनी बिहान उठ्नेबित्तिकै विद्यालयको तयारी गर्थे, पाठ्यपुस्तकहरुलाई सरसर्ती पढ्थे र त्यहीअनुसार नयाँ तरिकाले कक्षा चलाउने विचार गर्थे । विद्यार्थीहरू उनलाई निकै माया गर्थे, उनीहरूका लागि रमेश सर एक मार्गदर्शक, एक अभिभावक मात्रै थिएनन् उनी साथी पनि थिए । दुःख सुखको घाउमा मलम लगाइदिन्थे पनि ।

तर, रमेशका आफ्नै छोराछोरीहरू घरमा उनलाई अभाव महसुस गर्थे । सानो छोरो अनुगम, बाबालाई बिहान भेट्नै पाउँदैनथ्यो । कतिपय अवस्थामा जब रमेश घर फर्कन्थे, अनुगम निदाइसक्थ्यो । उनीसँग सधैँ व्यस्त तालिका थियो(बिहानै कोचिङ, दिउँसो विद्यालय त्यसपछि अतिरिक्त कक्षा अनि ट्यूसन कक्षा । उनका छोराछोरीहरूले सधैँ भनिरहन्थे, "बाबा, तपाईं कहिले हामीसँग खेल्नुहुन्छ ? कहिले सँगै खाना खानुहुन्छ ?"

यस्तो कुरा सुन्दा रमेशको मन भारी भएर आयो । भित्रभित्रै भक्कानिए उनी तर केही बोल्नै सकेनन् । गहभरि आँसु सिवाय उनका ओठमा बोल्ने शब्दहरु भएनन् ।

एक दिन रमेशले अनुगमलाई घरको आँगनमा एक्लै खेलिरहेको देखे । उनीसँग अनुगमनका लागि समय नहुँदा आफ्नै बाबुको याद आयो । कति वर्षसम्म आफूले पनि बाबुसँग पर्याप्त समय बिताउन नपाएको सम्झिए ।

अर्को दिन, विद्यालयमा उनले विद्यार्थीहरुलाई कक्षामा भने, "विद्यार्थीहरू हामीले हाम्रो अध्ययनको महत्वलाई बुझ्नुपर्छ । जीवनको रेखा कोर्न पढाइको निकै नै महत्त्व छ । आफ्नो भविष्यको डोरी अहिलेदेखि नै बाट्नुपर्छ ताकी पछि नचुडियोस् तर परिवारसँग पनि हामीले हाम्रो समय बिताउनु पर्ने हुन्छ । परिवारसँग बिताएको समय उत्तिकै मूल्यवान् हुन्छ ।"

विद्यालयबाट छिटै घर फर्केर रमेशले अनुगमनलाई अँगालो हाले । अनुगमले भने, "बाबा भोलि छुट्टी लिनुहुन्छ । हामी दुवै खेल्ने क्या रमाइलो गर्दे ।"

शिक्षक हुनु एउटा जिम्मेवारीपूर्ण काम हो, तर बाबु हुनु अझ बढी दायित्वबोध । जीवनमा असल शिक्षक बन्नुभन्दा असल बाबु बन्नु पनि महत्त्वपूर्ण हुने रहेछ । रमेशले आफ्नो पारिवारिक मोह थोरै बुझ्ने प्रयास गर्दै थिए ।

रमेशले अनुगमलाई अँगालो हालेपछि घरको वातावरणमा एउटा नयाँ ऊर्जा थपियो । अनुगमको अनुहारमा देखिएको खुसीले रमेशको मन झनै कोमल बनायो । उनी सँगै बसेर अनुगमको मनपर्ने खेल बल खेल्न थाले । बल खेल्दाखेरि रमेशले पहिलो पटक आफ्नो छोरोको हाँसोमा गहिरो आनन्द महसुस गरे ।

खेल्दा खेल्दै अनुगमले एकाएक सोध्यो, "बाबा, तपाईंलाई हाम्रा लागि कहिल्यै समय किन हुँदैन ?" यो प्रश्नले रमेशलाई मौन बनाइदियो । उनी सोच्न थाले, "यति वर्ष शिक्षकको भूमिकामा मग्न हुँदा आफूले छोराछोरीको बालापन कति छुटाइरहेछु ।"

रमेशले आफ्ना विद्यार्थीहरूलाई सधैँ प्रेरित गरेर उनीहरूको सपना पूरा गर्न सघाए । उनीहरुका लागि बाटो खोलिदिए । मार्गनिर्देशक बने तर आफ्नै छोराछोरीसँगको सम्बन्धमा भने कहिल्यै गहिराइमा जान सकेनन् ।

रमेशले अनुगमको हात समात्दै भने, "अनुगम, अब म तिमीहरूका लागि हरेक दिन समय छुट्याउनेछु । हामी सँगै रमाइलो गर्छौं, म तिमीहरूको सबै कुरा बुझ्ने प्रयास गर्नेछु ।"

त्यस दिनदेखि रमेशले आफ्नो समयको नयाँ तालिका बनाउने निर्णय गरे । विद्यालय र विद्यार्थीहरूका लागि काम गर्न भने उनी सधैँ प्रतिबद्ध थिए, तर अब उनले आफ्ना छोराछोरीका लागि पनि समय छुट्याए ।

बिहान उनी विद्यालय जानुअघि अनुगम र छोरी अनुष्माको साथमा बिहानको खाजा खान्थे । साँझ उनीहरूका होमवर्कमा सघाउँथे । शनिबारका दिन उनी परिवारसँग पार्क जान्थे, कहिले कहिले घुम्न पनि जान्थे ।

रमेशले महसुस गरे कि उनी शिक्षणमा जे कुरा सिकाउँथे, त्यसको वास्तविक महत्त्व तब मात्र प्रकट हुन्थ्यो जब आफूले आफ्नो परिवारसँगको सम्बन्धमा पनि ती पाठहरू लागू गर्न सक्थे । जीवनभर आफूले बनाएका सिद्धान्तहरू छोराछोरीसँग बिताएको समयमै पूर्ण हुने रहेछ ।

अब रमेशले विद्यालय र घर दुबै ठाउँमा आफूलाई सन्तुलित गर्न सके, जहाँ उनी शिक्षक मात्र नभई एक जिम्मेवार र माया गर्ने बाबु पनि भए ।

एकदिन रमेश बिहानको खाजा खाने बेला छोराछोरीसँग बसेर कुरा गरिरहेका थिए । अनुगमले टोस्टको सानो टुक्रा टोक्दै भन्यो, "बाबा, आज हामी पार्क जान सक्छौं त ? म तपाईंलाई मेरो नयाँ फुटबल खेल देखाउन चाहन्छु ।"

रमेशले मुस्कुराउँदै उत्तर दिए, "अवश्य, अनुगम । आजको दिन तिमीहरूका लागि छुट्याएको छु । हामी पार्कमा धेरै रमाइलो गर्छौं ।"

अनुष्माले एक गिलास दुध पिउँदै थपिन्, "बाबा, मलाई चङ्गा उडाउन मन छ । तपाईंले मलाई चङ्गा कसरी उडाउन सकिन्छ भनेर सिकाउनुहुन्छ नि है ?"

रमेशले छोरीको कपाल सुम्सुम्याउँदै भने, "अनुष्मा, हामी सबै मिलेर चङ्गा उडाउँछौं । तिमीलाई म राम्रोसँग सिकाउँछु । आजको दिन खेल्ने र रमाइलो गर्ने मात्र हो ।"

अनुष्मा र अनुगम दुवै उत्साहित देखिए । अनुहारमा चन्द्रमाझैं प्रकाश भरिएको थियो । रमेशले उनीहरूलाई हेरिरहे, आफ्नो अघिल्लो व्यस्त जीवनलाई सम्झिँदै मनमा अनेक कुराहरु सोचिरहेका थिए । त्यसपछि मनमनै, "अब यस्ता पलहरू म कहिल्यै छुटाउने छैन" भने ।

बिहानको खाजा उनीहरूका लागि अब केवल खाना खानका लागि मात्र थिएन, यो समय हाँसो र स्नेहमा परिणत हुँदै गएको थियो ।

अनुगमले उत्सुक हुँदै सोध्यो, "बाबा, आज हामी साँझमा के खेल्ने हो ?"

रमेशले मुस्कुराउँदै भने, "आज तिमीहरूले निर्णय गर । बल खेल्ने कि नयाँ खेल सिक्ने ?"

अनुष्मा अलि गम्भीर मुद्रामा बोली, "बाबा, बल खेल्न त म जान्दिनँ । मलाई अरु केही सिकाउनुहोस् न ।"

रमेशले माया गर्दै अनुष्मालाई हेरेर भने, "तिमीलाई चाहिँ आज नयाँ खेल सिकाउँछु, लुडो खेल्न अलिअलि आउँछ होइन तिमीलाई ?"

अनुष्माले हर्षित हुँदै हाँसेर भनिन्, "हो, बाबा ! आज त लुडो खेल्ने हो, अनि जित्न पनि सिक्ने ।"

अनुगमले अनुष्मालाई जिस्क्याउँदै भन्यो, "तिमी त मसँग सधैँ हार्छौ ! आज फेरि पनि म जित्छु ।"

साँझ घर फर्किएपछि रमेशले लुडोको बोर्ड ल्याए । तीनैजना खेल्न बसे । खेल्दा-खेल्दै रमेशले सोधे, "अनुगम, तिमीलाई कस्तो लाग्दैछ ? अब बाबा सधैँ तिमीसँग समय बिताउनुहुन्छ" भने ।

अनुगमले रमाउँदै भन्यो, "बाबा, मलाई खुसी लागिरहेको छ । अब हामीसँगै सधैँ खेल्ने कुरा सुनेर । मलाई त विश्वास नै लागेको छैन । फेरि स्कुलबाट फोन आउने बित्तिकै कुदिहाल्नुहुन्छ तपाईं ।"

अनुष्माले रमेशतिर हेर्दै थपिन्, "हो बाबा, हजुरले बल्ल अहिले अलिअलि बुझ्दै हुनुहुन्छ । एउटा बाबुको महत्त्व छोराछोराका लागि कति हुने रहेछ भनेर । हामीलाई तपाईंको खाँचो अवश्य थियो अहिले विस्तार विस्तार पूरा हुँदै छ । हामीले एउटा अभिभावकले दिनुपर्ने माया, स्नेह, साथ र दायित्व पाउँदै छौं ।"

रमेशले स्नेहपूर्वक हाँस्दै भने, "मैले बुझैं । सानो कुराले पनि कत्तिको असर गर्दोरहेछ भनेर । यति सानो कुराले अहिले ठूलो परिवर्तन ल्याउन सकेको छ । म अब हरेक दिन बचेको समय र समय बचाएर तिमीहरूसँगै बिताउने छु ।"

त्यो साँझ रमेशले आफ्ना छोराछोरीसँग खेल्दै, हाँस्दै, कुराकानी गर्दै बिताए । रमेशले महसुस गरे, यो समय साँच्चै बहुमूल्य थियो ।

रमेशले आफ्ना छोरोछोरी अगाडि राखेर भने, "जीवनमा मैले हजारौं विद्यार्थीहरुलाई धेरै कुरा सिकाएँ, समाजमा केही योगदान दिएँ । आफ्ना बुवाआमाका लागि केही काम गरेँ । कति साथीभाइका लागि टेक्ने लठ्ठी बनैं । तर असल बाबु बन्ने पाठ भने तिमीहरूले मलाई सिकायौ । म धन्य छु ।"

*हेटौंडा, मकवानपुर*

# विजया दशमी



अनुष्मा रिमाल

दसैं नेपालीहरूको प्रमुख पर्व हो, जुन विशेष रूपमा हर्ष र उल्लासका साथ मनाइन्छ । यो पर्व दुर्गा देवीको उपासना र विजयको प्रतीक मानिन्छ । दसैंमा मान्यजनबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्ने परम्परा छ । परिवारका सबै सदस्यहरू एकत्रित भएर खाना खान्छन्,



रमाइलो गर्छन् र आपसी सम्बन्ध अझ मजबुत बनाउँछन् । विशेष गरी, परदेशमा रहेका नेपालीहरू दसैंमा आफ्नो घर फर्कने, परिवारसँग समय बिताउने परम्परालाई निकै महत्व दिन्छन् ।

दसैं नेपालीहरूका् महान पर्व हो । यसको टीका लगाउने दिनलाई दशमी भनिन्छ । घटस्थापनामा हामीले जौं, तिल, मकै, धान र गहुँ मिसाएर रोप्छौं । त्यसको नौं दिनपछि मात्र जमरा र रातो टीका लगाउँछौं । हामीले जमरालाई अँध्यारो कोठामा राख्छौं । दसैंको पहिलो दिन फुलपाती, दोस्रो दिन अष्टमी, तेस्रो दिन नवमी हो र अन्तिम दिन टीका हो । दसैं आश्विन वा कार्तिकमा पर्दछ । यो पर्व आश्विन शुक्ल प्रतिपदाका दिनदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म १५ दिन मनाइन्छ । यो मिठो खाने र राम्रो लगाउने पर्व हो । यो देवी देवताको पूजा आराधना गर्ने पर्व हो ।

दसैंमा घर घरमा खुसी साट्ने चलन छ । मासु चिउरा दसैंको विशेष परिकार हो । दसैंमा नयाँ लुगा लगाउने गरिन्छ । दसैंमा आफू भन्दा मान्यजनबाट टीका र आर्शीवाद थाप्नु नै विजया दशमीको विशेष पहिचान हो ।

यसरी दसैं केवल धार्मिक पर्व मात्र नभएर सामाजिक एकता र पारिवारिक प्रेमको उत्सव पनि हो । पुराना परम्पराहरूलाई सँगै लिएर यो पर्वले नयाँ पुस्तालाई आफ्ना मूल्य र संस्कृतिको महत्व बुझाउने अवसर प्रदान गर्दछ । दसैंको रमाइलो वातावरणले सबैलाई हर्षित बनाउँछ र परिवारमा खुसीको नयाँ ऊर्जा सञ्चार गर्दछ ।

*कक्षा-३, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# 'रंगहिन' लघुकथा



श्यामप्रसाद श्रेष्ठ

प्रेरकको मुहारमा चिन्ताहरु मडारिरहेको थियो । उसलाई कैयौं पटक आफुले प्राप्त गरेको शैक्षिक प्रमाण-पत्रहरुमा आगो लगाइदिउँ कि जस्तो पनि लागेको थियो । तर परिवार पाल्नु पर्ने दायित्व काँधमाथि भएकोले उनले यसो पनि गर्न सकेन । आज पनि उ आशावादी हुँदै अन्तरवार्ताका लागि कार्यालय बाहिर उभिरहेको थियो ।

भित्रबाट बन्द ढोका खोल्दै एक महिला बोलिन, "प्रेरक सर को हुनुहुन्छ ? भित्र आउनु होला !"

प्रेरक उठ्यो र भित्र पस्यो ।

भित्र तीनजना अन्तरवार्ताकारहरु सोफामा थिए । अगाडि आकर्षक सिसाको टेबुल थियो । टेबुलको पछाडी एउटा खाली कुर्सी थियो । प्रेरकले तीनैजना

अन्तरवार्ताकारहरुलाई शिष्टतापूर्वक हात जोड्दै भन्यो, 'नमस्ते !'

एक अन्तरवार्ताकारले प्रेरकलाई हेर्दै भन्यो, "कुर्सीमा बस्नुहोस् !"

अनुमति पाएर प्रेरक कुर्सीमा गम्भीर भएर बस्यो ।

दोस्रो अन्तरवार्ताकारले प्रेरकलाई हेर्दै सोध्यो, "यो तपाईको पहिलो अन्तरवार्ता हो ?"

प्रेरकले कुर्सीमा जिउलाई अझ सोझ्याउँदै जवाफ दियो, "हैन, सर यो मेरो पाँचौ पटक हो ।"

प्रश्नकर्ताले अचम्मित हुँदै भन्यो, "ओहो, पाँचौ पटक ! यसको मतलब तपाईं पाँच पटक लिखित परीक्षामा सफल भइसक्नु भयो, हैन ?"

"हो, सर !"

तेस्रो अन्तरवार्ताकारले प्रेरकलाई म तपाईलाई केही प्रश्न सोध्छु भनी प्रश्नहरु सोधे ।

प्रेरकले सबै प्रश्नहरुको जवाफ सजिलोसँग दिए ।

पहिलो प्रश्नकर्ताले प्रेरकलाई हेर्दै भन्यो, "तपाईको अन्तरवार्ता सकियो, अब तपाईं बाहिर जानुहोस् !"


प्रेरक मुहार भरी आशा पोत्दै दुई हात जोड्दै बाध्यता पोख्यो, "सर ! के म सफल हुन्छु होला ?"


"तपाईं सबै किसिमले योग्य हुनु हुन्छ, तर तपाई रंगहिन हुनुहुँदो रहेछ, त्यही एउटा मात्र कमजोरी हो तपाईको !"

प्रेरकले जिज्ञासु हुँदै भन्यो, 'मतलब !'

"तपाईं भागबण्डामा पर्नु भएन !"

## चित्रकला





दिपासना थापा
कक्षा-१०, जिएस निकेतन
हेटौंडा-५





सासा श्रेष्ठ
कक्षा-युकेजी, नवोदय शिशु सदन
हेटौंडा-४





साम्भवि रजक
कक्षा- , नवोदय शिशु सदन
हेटौंडा-४





अध्ययन खुलाल
कक्षा-३, नवोदय शिशु सदन मावि
हेटौंडा-४

# विश्वास कसैको नगर नारी !!!



अंशलाल श्रेष्ठ

विश्वास गरेपनि आफ्नो मान्छेको गर
मुखले होइन मन हेरेर गर
आफ्नै मान्छेले फसाउने छ एकदिन
र आउने छ तिम्रो अन्तिम दिन

विश्वास गरेपनि अन्धो विश्वास नगर
नभए जाने छ आफ्नै मान्छे धोका दिएर
आफ्नो मान्छेले पनि लिन सक्छ तिम्रो ज्यान
अनि भन्दै बस मेरो मान्छे

नजाऊ टाडा आफ्नो परिवार छोडी
नभए ज्यान लिएर जान्छ तिमीलाई तोडी
झुटो माया गर्न सक्छ तिमीलाई
मायामा फसाई फाइदा उठाउन सक्छ तिमीलाई

राम्रो मान्छे खोज नभए होला तिमी दुखी
विश्वास गर्ने मान्छेले पार्ने छ तिमीलाई सुखी
साचो माया गर्न सिक झुटो माया होइन
विश्वास गर्न खोज तोड्न होइन

पाए अत्यन्त डरलाग्दो अन्त्य उनले
फेरि पनि नहोस् त्यस्तो घटना कहिले
विदेश पठाएर कहिले ढुक्क नबस
लुकेको हुन सक्छ त्यो हाँसोमा पीडा

*कक्षा-८, नवोदय शिशु सदन, हेटौंडा-४*

# दिव्य सेवा निकेतन



सम्यता कुँवर

दिव्य सेवा निकेतन वृद्धहरुको घर
कहीँ आश्रय नभएकाहरुलाई यही आश्रम सर

दिव्य सेवा निकेतनमा आमा-बुबा कति
छुट्टै स्वभावको भए पनि सबै एक अर्काका साथी

दिव्य सेवा निकेतन वृद्धहरुको घर
त्यस ठाउँमा गई मनै हर्षित भयो

कसैको घर, परिवार भएका भने कसैका कोही नभएका
भगवानले पनि टी.आर. निरौलालाई सेवा गर्न भनी पठाएका

महान काम गर्नुभयो उहाँले यो आश्रम खोली
प्रश्न सोध्दा उत्तर दिने कति राम्रो बोली ।

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# नरसंहार मच्चाउँदैमा तिम्रो विजय हुँदैन



बुद्ध लामा

हे फाँसीवादी इजरायल !
हे साम्राज्यवादी अमेरिका !
गाजापट्टिमा नरसंहार मच्चाउन नखोज
आफ्नो मातृभूमि रक्षार्थ
प्यालेस्टिनी जनता सयौँ वर्षदेखि लड्दैछन् ।
हे फासीवादी इजरायल !
हे साम्राज्यवादी अमेरिका !
आफ्नो सार्वभौमिकताको निम्ति
जस्तोसुकै मूल्य चुकाउन तयार छन्
प्यालेस्टिनी जनता
आफ्नो बसोबास गर्ने अधिकार
खोस्न दिने छैनन् ।
है फासीवादी इजरायल !
हे साम्राज्यवादी अमेरिका !
अत्याधुनिक हतियार र सैन्य शक्तिले मात्र
न्यायको मागलाई दबाउन सक्दैन
गाजापट्टीमा नरसंहार मच्चाउँदैमा
तिम्रो विजय हुँदैन ।

*सु.न.पा.-९, काँक्राबारी, भक्तपुर*

# ज्येष्ठ नागरिक



अमेस्का मैनाली

ज्येष्ठ नागरिकप्रति हुन्छ सबैको कर्तव्य
राख्न दिउँ उहाँहरुलाई पनि आफ्नो मन्तव्य

वृद्धाश्रम जान न बनाइदेउ उहाँहरुलाई विवश
मनाइन्छ असोज १५ अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस

यस सम्बन्धी बाढाऔं सबैलाई ज्ञान
राखौं सबै वृद्धको हामीले राम्रोसँग ध्यान

ज्येष्ठ नागरिक खुशी पार्ने हाम्रो दायित्व हो
वृद्धाश्रम गई वृद्धसँग कुरा गरी मनै हर्ष भो ।

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

## गाउँखाने कथा

**१. मानिसलाई त्यो चीज नभई नहुने, अरुले लगाएको देखे पनि लाउनेले नदेख्ने ।**
- **कात्रो**

**२. छनछन नाचे खल्तीभित्र सानी नानी सबै हुने आफ्ना, जब नाच्न उसले छाड्छे सबै बिराना ।**
- **पैसा**

**३. गेडो बाबु सुरिलो छोरो भ्यान्टे आमा ।**
- **मूला**

**४. संसार घुमे पनि आउँछ बस्न थुपुक्क, गुन्द्रकको झोल भेटे जान्छ सुरुक्क**
- **ढिँडो**

**५. जतासुकै लुकेपनि खोजी–खोजी ल्याई, तर कारी बनाएर मानिसले खाइ ।**

# टुक्का



कृष्ण कुमार वैद्य

अविरल वर्ष भइरह्यो तसै बाढीपहिरो गयो,
दैवी प्रकोपले अपार धनजनको विनाश भयो ।

छानोमा बसेका उपकार नहुँदा बगाएर लगे,
कमजोर जमिनमा भएका घर पहिरोमा बगे ।

यताउता बोलाउँछन् नाच्न, गाउन, खानलाई दर,
लाउने, खाने स्वविवेकमा छोडौँ छैन है केही कर ।

उन्नतिको शिखर चढ्न हमेसा चाहिन्छ सदाचार,
भ्रष्टाचारमा तल्लीन भएमा लाग्दैन कहिल्यै पार ।

हातेमालो गर्नु मनासिब खुट्टा तान्दा हुन्न उन्नति,
षड्यन्त्रको जालो बुनेर नबनाऔँ देशको दुर्गति ।

साउन महिनामा हरियो लाउन कसले सिकायो,
आरोग्यको अफवाह फैलाएर चुरापोते बिकायो ।

घाँसीको परोपकारले भानुको अन्तस्करण भऱ्या,
रामायण गाथा नेपाली भाषामा रूपान्तरण गऱ्या ।

मनायो राष्ट्रिय धान दिवस चामल आयात गरि,
रोपेका ठूलाबडाले धान आहा टन्न गमला भरि ।

कृषिप्रधान देशमा आत्मनिर्भर थियो उतिखेर,
प्राथमिकतामा राख्नु कृषिलाई नगर्नु है अबेर ।

पाइँदैन समयमा मल, बीउ सधैँको हाहाकार,
शासकलाई रोपाइँको तस्बिर देखाउन हतार ।

आगलागी बाढी पहिरो भूकम्प दुर्घटनाको भय,
बिपत्तिको लागि जोहो गर्ने सचेतताको परिचय ।

*बनेपा-९, काभ्रे*

# मेरो लक्ष्य



निमा थिङ

हरेक मानिसको आ-आफ्नो लक्ष्य हुन्छ। हाम्रो जीवनमा लक्ष्य नै छैन भने जीवनको अर्थ नै नभएको जस्तो हुन्छ । मानिसहरू जीवनमा डाक्टर, साहित्यकार आदि बन्न मन लाग्छ भने मलाई राम्ररी पढेर सिभिल इन्जिनियर बन्न मन लाग्छ। मेरो विचारमा सिभिल इन्जिनियरले डिजाइन बनाउँदा हाम्रो समस्याको समाधान गर्ने कला सिर्जनात्मक कला र हामीले सोच्ने तरिकालाई अझै राम्रो बनाउँछ ।

सिभिल इन्जिनियरले डिजाइन बनाउने, पुल बनाउने बाटोघाटो बनाउने गर्छ। मलाई सानैदेखि नै नयाँ-नयाँ घरको डिजाईनहरु बनाउन मन लाग्थ्यो । मैले कुनै कुनै किताबहरुबाट घर डिजाइनको बारेमा पढेको पनि थिएँ । सिभिल इन्जिनियरले डिजाइन बनाउँदा नै वैज्ञानिक र गणित तरिकाहरु अपनाइन्छ ।

सिभिल इन्जिनियर एउटा सम्मानित पेशा हो जुन आजको समयमा धेरै प्रचलित छ । जसले गर्दा भूकम्प प्रतिरोधात्मक घर बनाउन सहयोग गर्छ । यही कारण मलाई यो पेशा मन पर्छ ।

*कक्षा-६, बालज्योति मावि, हेटौंडा-५*

# साताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: समय मध्यम फलदायी छ । अध्ययन, अध्यापनमा त्यति मन नजाला । व्यापार व्यवसाय मध्यम नै मान्नु पर्दछ । धार्मिक र सामाजिक दायित्व बढ्ला । अरुको काममा समय व्यतित हुँदा दुख पाइएला । भ्रमण योगमा सरिक भइनेछ ।

**वृष राशि**: सन्तुष्टी प्राप्त हुने काममा सरिक भइनेछ । जग्गा, जमिनसम्बन्धी कारोबारमा मन जाला । जिम्मेवारी र कर्तव्यप्रति सचेत हुँदा राम्रो रहन्छ । नयाँ कार्य र परियोजनाहरुमा सरिक भइनेछ । बाँकी बक्यौता रकम उठ्ने योग छ । रोकिएका कामहरु बन्नेछन् । पढाइ, लेखाइ र व्यापार-व्यवसाय ठिकै रहनेछ ।

**मिथुन राशि**: कार्यक्षेत्र, व्यवसायका काममा व्यस्त रहनुपर्ला । परीक्षा, प्रतियोगितामा सफलता प्राप्त होला । आत्मबल, हौसला र प्रतिष्ठामा वृद्धि हुनेछ । अन्तरवार्तामा सफलता हासिल होला । धार्मिक तथा सामाजिक काममा सरिक भइने योग छ । व्यापार, व्यवसायबाट लाभ प्राप्त होला, अध्ययन, अध्यापन मध्यम कारक रहन्छ ।

**कर्कट राशि**: अचानक आर्थिक लाभ प्राप्त होला । प्रेम र परिवारमा आत्मीयता बढ्ला । इष्टमित्रको शुभकामना प्राप्त होला । धार्मिक तथा सामाजिक अनि साँस्कृतिक काममा रुचि बढ्ला । सामाजिक यश र प्रतिष्ठामा वृद्धि होला । शान्त र स्थिर मतिको उदय हुनेछ । पढाइ, लेखाइ ठिकै छ । कर्मफल राम्रो प्राप्त हुने समय छ ।

**सिंह राशि**: मनमा चिन्ता र शंका बढ्न सक्छ । रोकिएका काम बन्न सक्छ । निर्णायक काममा भने द्विविधा होला । जोखिमयुक्त काममा सचेतता अपनाउँदा राम्रो । स्वास्थ्यमा समस्या योग आइपर्ला । दिकदारी र चिड्चिडेपन बढ्न सक्छ । धार्मिक तथा सामाजिक अनि व्यापार, व्यवसाय ठिकै रहला ।

**कन्या राशि**: माया, प्रेम रतिरागमा समय व्यतित होला । मातृपक्षको सल्लाहले सफलता प्राप्त हुनेछ । साझेदारीको कामबाट लाभ प्राप्त होला । प्रशासनिक र सरकारी कामबाट लाभ प्राप्त होला । आफन्तसँग आत्मीयता बढ्न सक्छ । भेटघाटमा समय व्यतित होला । धार्मिक तथा व्यापार व्यवसाय अनि पढाइ, लेखाइ ठिकै छ ।

**तुला राशि**: पुरुषार्थीको कामले समाजमा स्थापित भइनेछ । रोकिएका कामहरु बन्नेछन् । न्याय, प्रशासन र खेलकुदमा मन जाला । प्रतिस्पर्धी पराजित होलान् । खर्च बढ्नेछ । घमण्ड र अहंकारको उदय होला । व्यापार व्यवसाय साथ र धार्मिक तथा सामाजिक अनि पढाइ, लेखाइका काममा समय बित्ला ।

**वृश्चिक राशि**: आय-आम्दानी बढ्नेछ । सामाजिक तथा धार्मिक कृत्यमा सरिक भइनेछ । शैक्षिक क्षेत्रका कामबाट पनि लाभ हुनेछ । पारिवारिक बेमेल बढ्ला । बन्धुबान्धवले पनि मद्दत गर्नेछन् । व्यापार व्यवसाय मध्यम छ । अध्ययन, अध्यापनमा सरिक भइने योग छ ।

**धनु राशि**: आवेगलाई नियन्त्रण गर्दा राम्रो रहन्छ । आफन्तका विषयमा समय व्यतित हुनेछ । व्यापारमा नयाँ गति दिने प्रयत्न होला । लोममा नभुलिँदा राम्रो । व्यस्ततामा समय व्यतित हुनेछ । इच्छाको कदर होला । साथीको सहयोगले लाभ, नकारात्मक उर्जामा कमि आउला । स्वास्थ्य बाधा हुनेछ । पढाइ-लेखाइ मध्यम छ ।

**मकर राशि**: प्रतिष्ठामा बृद्धि हुनेछ । ताकेका र चिताएका काममा समय व्यतित होला । धार्मिक तथा सामाजिक काममा सरिक भइएला । तीर्थब्रत, देवालयको भ्रमण होला । दुर्घटनाबाट बच्दा राम्रो । स्वास्थ्यमा समस्या योग आइपर्ला । व्यापार व्यवसाय मध्यम छ । अध्ययन-अध्यापन ठिकै रहला । पराक्रम र साहसले काममा पूर्णता होला ।

**कुम्भ राशि**: अचल धनको उपयोगबाट फाइदा हुनेछ । मिहिनेतले धनागमनको स्रोत बढ्नेछ । अड्किएको सम्पत्ति फिर्ता होला । सहयोगको आदानप्रदान बढ्नेछ । स्वास्थ्यमा सुधार होला । आन्तरिक क्षमतामा वृद्धि होला । घुमघाममा समय व्यतित होला । व्यापार, व्यवसाय र धार्मिक एवम् सामाजिक कार्यमा सरिक भइनेछ ।

**मीन राशि**: महत्वाकांक्षा बढ्ला । उत्साह जाग्नेछ । अल्छिपन बढ्न सक्छ । प्रतिफल प्राप्त गर्न मज्जाले खटिनुपर्ने योग छ । व्यापार र उधारो कारोबार गर्नका लागि धन र ऋण बढ्न सक्छ । काममा प्रगति बढ्ने योग छ । सामाजिक तथा धार्मिक काममा सरिक भइनेछ । परोपकारजन्य काममा दिन व्यतित होला ।

नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि.को
२८ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा संस्थाको सचालक समितिको बैठकको निर्णयानुसार संस्थाको वर्ष २०८१ को क्यालेन्डरमा तोकिएको मितिमा निम्न विषय उपर छलफल गरी निर्णय गर्न यस संस्थाको २८ औं वार्षिक साधारणसभा देहायको मिति, स्थान र समयमा बस्ने भएको हुँदा यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, स्थान र समय :**
मितिः २०८१ साल आश्वीन १९ गते शनिबार
स्थान : यूनिटि भिलेज पाटि प्यालेस, हेटौंडा-९ ।
समय : बिहान १०:०० बजे देखि ३:०० बजे सम्म ।

**छलफलका विषयहरू :**
क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रगति प्रतिवेदन तथा प्रस्तावित निति तथा कार्यकम सम्बन्धमा ।
ख) आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
ग) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
घ) ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
ङ) चालु आ.व. ०८१।०८२ का लागि प्रस्तावित आय-व्यय विवरण सम्बन्धमा ।
च) चालु आ.व.०८१।०८२ का लागि लेखा परीक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
छ) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नको लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
ज) विविध ।

**नोटः**
१. साधारणसभामा सदस्य स्वयं उपस्थित भएमा यातायात भत्ता बापत रु. ७००/- मा कर कट्टि गरी सम्बन्धित सदस्यको बचत खातामा जम्मा गरिनेछ ।

**नारायण प्रसाद खतिवडा**
**सचिब**
**नारायणी बहुउद्धेश्यीय सहकारी संस्था लि.**
**पशुपतिनगर, हेटौंडा-९, मकवानपुर**

### अन्तर्राष्ट्रिय साउथ एसियन स्कूल कम्ब्याक्ट तेक्वान्दो प्रतियोगिता

# पराजुली, सापकोटा, विष्ट र ढकालले दिलाए ७ पदक

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा मकवानपुरका सबै खेलाडीहरुले पदक जितेका छन् । बंगलादेशको राजधानी ढाकामा अक्टोबर १ तारिखदेखि ४ तारिखसम्म भएको पहिलो संस्करणको साउथ एसियन स्कूल कम्ब्याक्ट-२०२४ (तेक्वान्दो प्रतियोगिता) मा मकवानपुर जिल्लाका ४ खेलाडीले पदक जितेका हुन् ।

नेपालको प्रतिनिधित्व गरेर प्रतियोगितामा सहभागी भएका मकवानपुरका खेलाडीले २ वटा रजत र ५ काँस्य पदक गरी ७ वटा पदक जितेका छन् । हेटौंडा उपमहानगरपालिकाका-१७ स्थित क्रियटिभ तेक्वान्दो डोजाङका आदित्य पराजलीले पुरुषतर्फ ४५ केजी कम तौल समूहको प्रतियोगितामा रजत र एकल पुम्सेमा काँस्य पदक जितेका छन् ।

४२ केजी कम तौल समूहमा इच्छा विष्टले रजत र ४८ केजी कम तौल समूहमा दिपन सापकोटाले कास्य पदक जितेका छन् । पुरुष एकल पुम्सेमा आदित्य पराजुलीले काँस्य पदक जित्दा महिला एकल पुम्सेमा आदित्या ढकालले काँस्य पदक हात पारेकी छिन् । महिलाको जोडी पुम्सेमा इच्छा विष्ट र आदित्या ढकालले काँस्य पदक जितेका हुन् । ४८ केजी कम तौल समूहमा दिपन सापकोटाले काँस्य पदक जितेका छन् ।

प्रतियोगितामा क्रियटिभ तेक्वान्दो डोजाङका सञ्चालक भोजराज पराजुली र आकाश चौधरीले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो । साउथ एसियन स्कूल फेडरेसनको आयोजना र बंगलादेश स्कूल स्पोर्टस् एसोसियनको सहकार्यमा भएको प्रतियोगितामा नेपाल, भारत, बंगलादेश र बीकेएसपी गरी १ सय ३८ जना खेलाडी सहभागी थिए । मकवानपुर सहित नेपालको अन्य ठाउँहरुबाट २५ जना खेलाडीहरु प्रतियोगितामा सहभागी भएकामा नेपालले ११ पदक प्राप्त गरेसँगै नेपाल दोस्रो भएको छ ।

बंगलादेश त्रिरा सिखा प्रतिष्ठान बीकेएसपीको मल्टिपल स्पोर्टस् कम्प्लेक्समा भएको प्रतियोगितामा नेपाल स्कूल स्पोर्टस् फेडरेसनबाट तेक्वान्दो खेलाडी सहभागी भएका हुन् । बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाले मकवानपुरबाट सहभागी हुने खेलाडीलाई शुभकामनासहित बिदाई गर्नुभएको थियो ।

# ७ ए साइड फुटबलको सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी ७ 'ए' साइड फुटबल प्रतियोगितामा शुक्रबार ४ खेल सम्पन्न भएको छ । भूटनदेवी क्लबको आयोजनामा भएको प्रतियोगितामा क्वार्टरफाइनल चरणको ४ खेल सम्पन्न भएसँगै सेमिफाइनल समीकरण पूरा भएको हो ।

हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसको चौरमा भएको पहिलो खेलमा कमलादेवी क्लबलाई १-० गोलले हराउँदै एफसी ढेडो सेमिफाइनलमा प्रवेश गरेको छ । ढेडोको जीतमा ललित चौलागाईंले निर्णायक गोल गर्दै म्यान अफ द म्याच घोषित भएका छन् ।

शुक्रबारको दोस्रो खेलमा चौकीटोल क्लबलाई २-० गोलले हराउँदै नागस्वती फुटबल एकेडेमी सेमिफाइनलमा प्रवेश गरेको छ । नागस्वतीको जीतमा दुबै गोल सुरज राईले गरेका छन् । खेलको म्यान अफ द म्याच राई घोषित भएका छन् ।

यस्तै, तेस्रो खेलमा हेटौंडा फुटबल एकेडेमीलाई २-० गोलले हराउँदै कुमारी एफसी सेमिफाइनलमा प्रवेश गरेको छ । कुमारी एफसीको जीतमा समुयल सुनारले दुई गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच सुनार घोषित भएका छन् ।

चौथो खेलमा कालीदेवी एफसीलाई २-० गोलले हराउँदै आयोजक भूटनदेवी क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । भूटनदेवीको जीतमा सुरज लामाले दुई गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच रुपेश केसी घोषित भएका छन् ।

प्रतियोगिताको फाइनल खेल आइतबार हुनेछ । प्रतियोगितामा २३ वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले क्रमशः ५० हजार र २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# वस्तुगत फुटसल प्रतियोगिता आज

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको ६ ए साइड वस्तुगत फुटसल प्रतियोगिता आज शनिबार हुने भएको छ । मकवानपुर अधिकृत बिक्रेता संघको आयोजनामा शनिबार वस्तुगत फुटसल प्रतियोगिता हुने भएको हो ।

शुक्रबार मकवानपुर अधिकृत बिक्रेता संघको कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै अध्यक्ष अमीतकुमार श्रेष्ठले शनिबार एक दिन हुने प्रतियोगिताबारे जानकारी गराउनुभएको छ । मकवानपुर उद्योग वाणिज्य संघको प्रायोजनमा हुन लागेको प्रतियोगितामा आयोजक बिक्रेता संघसहित मकवानपुर सुनचाँदी व्यवसायी संघ, मकवानपुर मुद्रण उद्योग संघ, मकवानपुर कुखुरा व्यवसायी संघ र मकवानपुर मदिरा व्यवसायी संघ गरी ८ वटा टिमको सहभागिता रहने अध्यक्ष श्रेष्ठले बताउनुभएको छ ।

प्रतियोगिता मकवानपुरगढी गाउँपालिकाको मक्राञ्चुलीस्थित फुटसल कोर्टमा हुनेछ । मकवानपुरका व्यावसायिक संघसंस्थामा आवद्ध व्यवसायीबीच दशै, तिहार, छठपर्व र नेपाल सम्वत्को शुभकामना आदानप्रदान गर्ने मुख्य उद्देश्यले प्रतियोगिता आयोजना गरेको उहाँले बताउनुभयो ।

गत वर्षको प्रतियोगिताको उपाधि मोबाइल एसोसिएसन अफ मकवानपुरले जितेको थियो भने कम्प्युटर एसोसिएसन अफ मकवानपुर उपविजेता बनेको थियो । यस वर्षको संस्करणमा प्रतियोगिताको पुरस्कार राशि बढाइएको छ । प्रतियोगितामा सहभागी हुने टिमका लागि खाजाको प्रायोजन दाजुभाइ स्वीट्सले गरेको छ । प्रतियोगिताको विजेता टिमले ५० हजार र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । नकआउट प्रणालीमा सञ्चालन हुने प्रतियोगिताको सबै खेल शनिबार नै हुनेछ ।

# २१ लाख बराबरको तामाको भाँडा बरामद

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले २१ लाख रुपैयाँ बराबरको तामाको भाँडा बरामद गरेको छ । बिहीबार राति १० बजेको समयमा प्रहरी चौकी पथलैयाबाट प्रहरी नायव निरीक्षक नरेशबहादुर शाहीको कमाण्डमा खटिएको प्रहरी टोलीले तामाको भाँडा बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

प्रहरीले बाराको जीतपुर सिमरा उप-महानगरपालिका-१, पथलैया चोकबाट भाँडा बरामद गरेको हो । जीतपुरबाट काठमाडौं जाँदै गरेको प्रदेश २-०३ ००१ च ५९३१ नम्बरको पिकअप गाडीलाई सुरक्षा जाँच गर्दा २१ लाख १६ हजार ५ सय ३३ रुपैयाँ बराबरको प्लेट र तामाको भाँडा नियन्त्रणमा लिएको थियो । तामाको भाँडासहित गाडी नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि राजस्व अनुसन्धान कार्यालय पथलैयामा लगिएको प्रहरीले जनाएको छ ।

# श्रमिक माविका विद्यार्थी पुरस्कृत

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित श्रमिक माध्यमिक विद्यालयका विद्यार्थी पुरस्कृत भएका छन् । गत शैक्षिक सत्र २०८० को वार्षिक परीक्षामा कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई विद्यालयले शुक्रबार एक समारोहका बीच पुरस्कार वितरण गरेको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीको अध्यक्षता तथा वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । विद्यार्थीलाई पुरस्कारस्वरुप शैक्षिक सामग्री वितरण गरिएको विद्यालयका प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिनुभयो । पुरस्कार वितरण कार्यक्रमपछि दसैं शुभकामना आदानप्रदान कार्यक्रम गरिएको थियो । कार्यक्रममा विद्यार्थीले नृत्य, गायन कला प्रस्तुत गरेका थिए । १० कक्षासम्म पठनपाठन हुने श्रमिक माध्यमिक विद्यालयमा छ सय ५० जना विद्यार्थी अध्ययनरत छन् ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# वृद्ध दम्पतिको शव फेला

समाज संवाददाता

हेटौंडाः काभ्रेमा पहिरोमा परी बेपत्ता भएका थप २ जनाको शव फेला परेको छ । गत शनिबार आएको पहिरोमा परी बेपत्ता थप २ जनाको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

पहिरोमा परी बेपत्ता एकै घरका २ जना वृद्ध दम्पतिको शव बिहीबार दिउँसो १२ बजेर २० मिनेटको समयमा फेला परेको छ । शनिबार आएको पहिरोमा परी बेपत्ता तेमाल गाउँपालिका-१, कल्लेरी पाखाका ७५ वर्षीय गोपाल भण्डारी र ७३ वर्षीया रुद्र कुमारी भण्डारीको शव फेला परेको हो । भण्डारीको ढुङ्गा माटोले बनेको दुई तल्ले कच्ची घरमा घर पछाडी माथिबाट पहिरो आई घर बगाउँदा दम्पति बेपत्ता भएका थिए ।

### हात्तीको आक्रमणबाट थारुको मृत्यु

# चिप्लिएर खोलामा खस्दा तामाङको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-७, हात्ती प्रजनन केन्द्र खोरसारमा जंगली हात्तीको आक्रमणबाट एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सर्लाहीको हरिपुर नगरपालिका-७ घर भई हाल हात्ती प्रजनन केन्द्रमा कार्यरत ४४ वर्षीय जट्टु सिंह थारु रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बिहीबार थारुलाई अचानक जंगली हात्तीले आक्रमण गरेको थियो । थारु प्रजनन केन्द्रमा करारमा पछुवा पदमा कार्यरत रहेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै रामेछाप जिल्लाको तेमाल गाउँपालिका-६, ठूलो पर्सेल माथिल्लो छापमा एक जना पुरुषको लडेर मृत्यु भएको छ । मृत्यु हुनेमा ५७ वर्षीय दुधराज तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । तामाङ चोक्कटारबाट नेपालथोकतर्फ (पैदल हिँडी) जाने क्रममा तेमाल गाउँपालिका-९ मुप्पाटारको भालुखोलास्थित भुतेढुङ्गाबाट चिप्लिएर एक सय मिटर तल कोशी नदिको किनारमा खस्दा घाइते भएका थिए । घाइते तामाङको बिहीबार बिहान ६ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# अस्पतालमा बिरामीको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा उपचाररत एक विरामीको मृत्यु भएको छ । बिहिबार दिनको राती १ बजेर ३५ मिनेटको समयमा हेटौंडा अस्पतालमा उपचारको क्रममा अन्दाजी ४० वर्षीया महिलाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मृतकको पहिचान नखुलेको र आफन्त पनि पहिचान हुन नसकेको प्रहरीले उल्लेख गरेको छ । बिहिबार दिउँसो ४ बजेको समयमा हेटौंडा अस्पतालको आकस्मिक कक्षमा उपचारका लागि आएकी महिलाको मानसिक सन्तुलन पनि ठीक नभएको प्रहरीले जानकारी दिएको छ ।

## विद्यालय बस खरिदका लागि सूचीकृत हुने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८१।०६/१९)*

प्रस्तुत विषयमा यस श्री ज्योति माध्यमिक विद्यालय, हेटौंडा-१८, हर्नामाडी मकवानपुरका लागि बागमती प्रदेश सरकारबाट आ.व. २०८१।०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय, हेटौंडा, मकवानपुर र यस विद्यालयबीच सम्झौता भएको विद्यालय बस उपलब्ध गराउनका लागि सम्बन्धित फर्महरुबाट २०८१ साल कात्तिक ५ गतेभित्र तपशिलका कागजातसहित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सुचीकृत गर्न/ गराउनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसील:**

१) सूचीकृत हुने व्यहोराको निवेदन ।
२) संस्था फर्म व्यक्तिको दर्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
३) भ्याट/प्यान नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
४) आ.व. २०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
५) रु १,०००/- दस्तुर तिरेको सक्कल बैक भौचर । (विद्यालयको ने.बैं. लि. हेटौंडा शाखाको च.हि.नं. ०२५००१००४४०८१२००००१)

**प्रधानाध्यापक**
**ज्योति माध्यमिक विद्यालय**
**हेटौंडा-१८, मकवानपुर**

## विपद्‌बाट बचौं र बचाऔं

### विपद् आकस्मिक रूपमा आउने हुँदा:

- विपद्‌बाट बच्न आवश्यक पूर्व तयारी गरौं,
- समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धा लगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनर्स्थापनामा सहयोग गरौं,
- विपद्‌सम्बन्धी सचेतना फैलाऔं,
- विपद्‌बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

वडा दसैंको शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व **वडा दसैं**, **तिहार**, **छठ पर्व २०८१** को शुभ अवसरमा सम्पूर्ण सहकारीकर्मीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जानकी चौधरी, अध्यक्ष
एवम् संजीवनी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-५, पिप्ले

वडा दसैंको शुभकामना



वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व **वडा दसैं**, **तिहार**, **छठ पर्व २०८१** को शुभ अवसरमा सम्पूर्ण सहकारीकर्मीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिलिश गोविन्द जोशी, अध्यक्ष
एवम् होटल एसोसिएसन मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ